# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, मंसीर १२ गते २०४१ साल (अतिरिक्ताङ्क ४५+(क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

भारत र चीनको स्वशासित तिब्बत क्षेत्रबाहेक अन्य मुलुकहरूबाट पैठारी हुने कृत्रिम रेशा वा कृत्रिम रेशा मिश्रित कपडामा उक्त माल सामानहरूको भन्सारले कायम गरेको मूल्यमा भन्सार महसूल र सरचार्ज लाग्ने भएमा सोसमेत जोडी हुने मूल्यमा मार्कअप गरी मूल्य कायम गर्ने भन्ने खण्ड ३४ मिति २०४१।३।२६ अतिरिक्ताङ्क १८ (ख) नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयद्वारा सूचना प्रकाशित भई रहेकोमा अबदेखि भारत र चीनको स्वशासित तिब्बत क्षेत्रबाहेक अन्य मुलुकहरूबाट पैठारी हुने कृत्रिम रेशा वा कृत्रिम रेशा मिश्रित कपडामा भन्सार महसूल र बिक्रीकर बापतको खूद भार मालको मूल्यको २२३ प्रतिशत हुने गरी कायम गर्न मालको मोलमा भन्सार महसूल जोडी बिक्रीकर प्रयोजनको लागि उक्त जोडलाई १.६५ ले गुणन गरी हुन आउने अङ्कमा बिक्रीकर लगाई असूल गर्ने श्री ५ को सरकारबाट निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

५८३

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।